# प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०७९

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०७९

<u>प्रदेश राजपत्रमा प्रकाशित मिति</u>
२०७९।०१।१२

**<u>प्रस्तावना</u>:** प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ को दफा ५ बमोजिम सशर्त अनुदान प्रदान गर्न सोही ऐनको दफा ९ को व्यवस्था बमोजिम बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यो कार्यविधिको नाम **"प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०७९"** रहेको छ ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "आयोग" भन्नाले प्रदेश नीति तथा योजना आयोग सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(घ) "प्रदेश सभाको प्रत्यक्ष निर्वाचित सदस्य" भन्नाले नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (क) बमोजिमको सदस्य सम्झनु पर्छ ।

(ङ) "प्रदेश सभाको समानुपातिक तर्फको सदस्य" भन्नाले नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (ख) बमोजिमको सदस्य सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(छ) “विषयगत मन्त्रालय” भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय बाहेकका प्रदेश सरकार, बागमती प्रदेश (कार्य विभाजन) नियमावली, २०७४ मा उल्लिखित मन्त्रालय सम्झनु पर्छ ।

(ज) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(झ) “सशर्त अनुदान” भन्नाले प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ को दफा ५ बमोजिमको अनुदान सम्झनु पर्छ।

(ञ) “स्थानीय तह” भन्नाले बागमती प्रदेशभित्रका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका तथा महानगरपालिका सम्झनु पर्छ।

३. **सशर्त अनुदान प्रदान गरिने क्षेत्रः** नेपाल सरकारको अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ तथा ऐनको दफा ५ को अनुकूल हुने गरी देहायका आयोजना तथा कार्यक्रममा प्रदेश सरकारले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउन सक्नेछ।

(क) कृषि तथा पशुपन्छी उत्पादन तथा प्रवर्द्धन गर्न सञ्चालन गरिने आयोजना तथा कार्यक्रमहरु,

(ख) सडक तथा पूर्वाधार विकासको लागि सञ्चालन गरिने आयोजना तथा कार्यक्रमहरु,

(ग) खानेपानी, सिँचाई, जलस्रोत, ऊर्जा तथा नदी व्यवस्थापन सम्बन्धी आयोजना तथा कार्यक्रमहरू,

(घ) शैक्षिक, खेलकुद तथा सामाजिक विकासको लागि सञ्चालन गरिने आयोजना तथा कार्यक्रमहरु,

(ङ) आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा सम्बन्धी आयोजना तथा कार्यक्रमहरु,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(च) उद्योग, पर्यटन तथा संस्कृति प्रवर्द्धन सम्बन्धी आयोजना तथा कार्यक्रमहरु,

(छ) भू तथा जलाधार संरक्षण सम्बन्धी आयोजना तथा कार्यक्रमहरू,

(ज) विपद् व्यवस्थापन, शान्ति सुरक्षा, सूचना तथा सञ्चार सम्बन्धी आयोजना तथा कार्यक्रमहरू।

४. **<u>सशर्त अनुदानका आधारहरुः</u>** संविधानको धारा २५१ बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तय गरेको मानकलाई समेत आधार मानी विषयगत मन्त्रालयले स्पष्ट, मापन योग्य, पूर्व निर्धारित र कार्यान्वयन योग्य हुने गरी स्थानीय तहलाई दिने सशर्त अनुदानका आयोजना तथा कार्यक्रम देहाय मध्येका कुनै आधार बमोजिम छनोट गर्नु पर्नेछः

(क) प्रदेश सरकारको अधिकार क्षेत्रभित्र रहेका कुनै विषय तथा कार्यक्रम र आयोजना स्थानीय तहबाट कार्यान्वयन गराउँदा लागतका दृष्टिले मितव्ययी एवम् प्रभावकारी हुने आयोजना तथा कार्यक्रम,

(ख) प्रादेशिक नीति, कार्यक्रम, आवधिक योजना आधारमा स्थानीय तहबाट कार्यान्वयन गराउँदा निर्धारित उद्देश्य प्राप्ति हुने आयोजना तथा कार्यक्रम,

(ग) स्थानीय तहमा प्रादेशिक मानक स्थापना वा कार्यान्यवन गर्न आवश्यक आयोजना तथा कार्यक्रम,

(घ) सन्तुलित विकास, मानव विकास सूचकाङ्क, पूर्वाधार विकासको अवस्था, क्षेत्रफल, जनसङ्ख्या लागायतका विषयको आधारमा प्रदेश तथा स्थानीय तहको प्राथमिकतामा रहेका रणनीतिक महत्वका आयोजना तथा कार्यक्रम ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**५.** **<u>सशर्त अनुदान रकमको न्यूनतम सीमाः</u>** दफा ३ मा उल्लेखित क्षेत्र अन्तर्गत स्थानीय तहलाई प्रदान गर्ने सशर्त अनुदानका आयोजना तथा कार्यक्रम छनोट गर्दा विषयगत मन्त्रालयले प्रति आयोजना तथा कार्यक्रम देहाय बमोजिमको न्यूनतम सीमामा नघट्ने गरी छनोट गर्नु पर्नेछः

(क) सडक तथा पूर्वाधार विकासको लागि सञ्चालन गरिने आयोजना तथा कार्यक्रमहरुको हकमा न्यूनतम पचास लाख रुपैयाँ,

(ख) अन्य क्षेत्र अन्तर्गतका आयोजना तथा कार्यक्रमहरूको हकमा न्यूनतम पच्चीस लाख रूपैयाँ ।

**६.** **<u>स्थानीय तहको वर्गीकरणः</u>** (१) बागमती प्रदेशभित्रका स्थानीय तहलाई कुल वार्षिक आयको आधारमा अनुसूची–१ देखि अनुसूची–५ मा व्यवस्था भए बमोजिम वर्गीकरण गरिनेछ ।

**<u>स्पष्टीकरणः</u>** यस उपदफाको प्रयोजनको लागि “कुल वार्षिक आय” भन्नाले सम्बन्धित स्थानीय तहको आन्तरिक राजस्व र राजस्व बाँडफाँट मात्र समावेश भएको कुल वार्षिक आय सम्झनु पर्छ ।

(२) मन्त्रालयले प्रत्येक दुई आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्षको कुल वार्षिक आयको मापनको आधारमा राजपत्रमा सूचना प्रकाशन गरी स्थानीय तहको वर्गीकरण गर्न सक्नेछ।

तर, पहिलो पटकको लागि आर्थिक वर्ष ०७८/७९ लाई आधार वर्षको रूपमा लिईनेछ।

(३) उपदफा (२) बमोजिम स्थानीय तहको आय स्रोतको मापन गर्न मन्त्रालयले सम्बन्धित स्थानीय तहसँग आवश्यक विवरण माग गर्न सक्नेछ ।

(४) उफदफा (३) बमोजिमको विवरण उपलब्ध नगराउने स्थानीय तहको लागि सशर्त अनुदान प्रदान गरिने छैन ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

७. **सशर्त अनुदान प्रदान हुने स्थानीय तहगत सीमाः** (१) दफा ५ बमोजिमको प्रति आयोजना तथा कार्यक्रमको न्यूनतम सीमाभित्र रही अनुसूची–१ बमोजिमका स्थानीय तहलाई क्रमशः दफा ३ को खण्ड (ख) र (ग) सँग सम्बन्धित क्षेत्रको हकमा कम्तीमा दुई दुई वटा आयोजना तथा कार्यक्रम छनोट गर्नु पर्नेछ।

(२) विषयगत मन्त्रालयले आफूलाई प्राप्त हुने सशर्त अनुदान तर्फको बजेट सीमाबाट उपदफा (१) बमोजिम स्थानीय तहलाई बजेट विनियोजन गरे पश्चात बाँकी हुने रकम अनुसूची–२ देखि अनुसूची–५ सम्म समावेश भएका स्थानीय तह मध्ये प्रति स्थानीय तह बढीमा दुई वटा आयोजना तथा कार्यक्रम प्राथमिकताको आधारमा छनोट गर्नु पर्नेछ।

८. **बजेट सीमा उपलब्ध गराउनेः** (१) यस कार्यविधि बमोजिम विभिन्न आयोजना तथा कार्यक्रमको लागि स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्न मन्त्रालयले आवश्यकतानुसार विषयगत मन्त्रालयलाई सशर्त अनुदानको बजेट सीमा र मार्गदर्शन उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सशर्त अनुदान प्रदान गर्न मन्त्रालयबाट प्राप्त सशर्त अनुदानको बजेट सीमा भन्दा बढीको आयोजना तथा कार्यक्रम छनोट गर्नुपर्ने भएमा विषयगत मन्त्रालयले आफूलाई प्राप्त मन्त्रालयगत बजेट सीमाभित्रबाट थप सशर्त अनुदान प्रस्ताव गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम विषयगत मन्त्रालयलाई सीमा तथा मार्गदर्शन प्राप्त नभएमा, विषयगत मन्त्रालयले आफूलाई प्राप्त मन्त्रालयगत बजेट सीमाभित्रबाट स्थानीय तहलाई सशर्त अनुदान प्रस्ताव गर्न बाधा पर्ने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

९. **<u>सशर्त अनुदान प्रदान नहुने</u>** : दफा ३ र दफा ४ मा जुनसुकै कुरा लेखेको भए तापनि देहाय प्रकृतिका योजना तथा कार्यक्रमका लागि सशर्त अनुदान उपलब्ध गराइने छैनः-

(क) राष्ट्रिय एकता, धार्मिक, सांस्कृतिक तथा सामाजिक सद्भावमा खलल पुऱ्याउने प्रकृतिका आयोजना तथा कार्यक्रमहरु,

(ख) वातावरण संरक्षण तथा मानवीय स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्ने खालको आयोजना तथा कार्यक्रमहरु,

(ग) अन्य अनुदान तथा स्रोतबाट सञ्चालनमा रहेका आयोजनामा दोहोरो पर्ने खालको आयोजना तथा कार्यक्रमहरु ।

१०. **<u>अनुदान कार्यक्रम छनोट तथा प्रस्तावः</u>** (१) विषयगत मन्त्रालयहरूले स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्नुपर्ने भएमा यस कार्यविधि बमोजिम आयोजना तथा कार्यक्रम छनोट गरी अनुसूची-६ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विषयगत मन्त्रालयले आयोजना तथा कार्यक्रमको छनोट गर्दा देहायका विषयहरु समेत अध्ययन गरी प्राथमिकीकरण गर्नु पर्नेछः-

(क) आयोजना तथा कार्यक्रम सञ्चालन गर्नु पर्ने आवश्यकता र प्राथमिकताको पुष्टयाँई,

(ख) आयोजना तथा कार्यक्रमको कुल लागत,

(ग) आयोजना तथा कार्यक्रमको सम्भाव्यता अध्ययन (फिजिबिलिटि स्टडी) प्रतिवेदन,

(घ) आयोजना तथा कार्यक्रम सञ्चालन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ङ) आयोजना तथा कार्यक्रमको ड्रइङ, डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत विवरण,

(च) आयोजना तथा कार्यक्रम सम्पन्न गर्न लाग्ने समय,

(छ) आयोजना तथा कार्यक्रमको प्रचलित कानून बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,

(ज) आयोजना तथा कार्यक्रमबाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभ तथा योजनाको दिगोपन,

(झ) आयोजना तथा कार्यक्रम सम्पन्न भएपछि स्रोत परिचालनमा पुग्न सक्ने योगदान,

(ञ) समय-समयमा मन्त्रालयले तोकेको अन्य विवरण ।

(३) विषयगत मन्त्रालयले आयोजना तथा कार्यक्रम छनोट गर्दा सम्बन्धित स्थानीय तहसँग समन्वय गरी आयोजना तथा कार्यक्रम छनोट गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रम मन्त्रालयले तोकेको समय सीमाभित्र छनोट गरी मन्त्रालयमा पठाउने दायित्व विषयगत मन्त्रालयको लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(५) विषयगत मन्त्रालयबाट यस कार्यविधि बमोजिम रकमको न्यूनतम सीमा, क्षेत्र तथा आधार प्रतिकूल हुने गरी प्रस्ताव गरिएका सशर्त अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रममा मन्त्रालयले बजेट विनियोजन गर्ने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

११. **<u>बजेट तथा कार्यक्रम छनोट समितिः</u>** (१) यस कार्यविधि बमोजिम रकमको न्यूनतम सीमा, क्षेत्र र आधारहरूको अधिनमा रही निर्दिष्ट ढाँचामा दफा १० बमोजिम विषयगत मन्त्रालयबाट प्रस्ताव भएका आयोजना तथा कार्यक्रमलाई अन्तिम रूप दिन देहाय बमोजिमको एक बजेट तथा कार्यक्रम छनोट समिति रहने छः-

(क) आयोगको उपाध्यक्ष वा निजले तोकेको आयोगको सदस्य -संयोजक

(ख) सचिव, मन्त्रालय -सदस्य

(ग) महाशाखा प्रमुख, बजेट, योजना तथा कार्यक्रम महाशाखा, मन्त्रालय -सदस्य

(घ) योजना हेर्ने महाशाखा प्रमुख, विषयगत मन्त्रालय -सदस्य

(ङ) शाखा अधिकृत, बजेट तथा कार्यक्रम शाखा, मन्त्रालय -सदस्य

(च) शाखा अधिकृत, प्रादेशिक योजना तथा अनुगमन शाखा, मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको आयोगको उपाध्यक्ष वा निजले तोकेको आयोगको सदस्यको पद रिक्त रहेको अवस्थामा मन्त्रालयको सचिवले समितिको संयोजकको रूपमा कार्य गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मन्त्रालयको सचिवले संयोजकत्व गरेको समितिमा आयोगको अधिकृतस्तरको कर्मचारी प्रतिनिधि सदस्यको रूपमा रहनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१२. **<u>अनुदान रकम खर्च गर्ने विधि र प्रक्रिया :</u>** (१) स्थानीय तहले सशर्त अनुदान बापत प्राप्त रकम खर्च गर्दा देहायको प्रक्रिया अपनाउनु पर्नेछ :-

(क) स्थानीय तहले सशर्त अनुदानको माध्यमबाट कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रमलाई वार्षिक बजेटमा समावेश गर्नु पर्नेछ,

(ख) सशर्त अनुदान रकम जुन आयोजना तथा कार्यक्रमको लागि प्रदान भएको हो सोही आयोजना तथा कार्यक्रमका लागि खर्च गर्नु पर्नेछ,

(ग) सशर्त अनुदान बापत प्राप्त रकम खर्च गर्दा प्रचलित सङ्घीय तथा प्रदेश कानूनको परिपालना गरी मितव्ययी र पारदर्शी किसिमले खर्च गर्नु पर्नेछ,

(घ) विषयगत मन्त्रालयबाट प्रस्ताव भई हस्तान्तरण भएका सशर्त अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रमको कार्यान्वयन, सम्बन्धित विषयगत मन्त्रालयबाट तर्जुमा भएका निर्देशिका, कार्यविधि वा मापदण्ड बमोजिम गर्नु पर्नेछ,

(ङ) सशर्त अनुदानबाट प्राप्त रकमको समयमै आन्तरिक र अन्तिम लेखा परिक्षण गराउनु पर्नेछ,

(च) आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा कामको गुणस्तरमा विशेष ध्यान पुऱ्याउनु पर्नेछ तथा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

लाभान्वित वर्ग र समुदायबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नु पर्नेछ,

(छ) आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा कामको गुणस्तर मापन गर्ने सूचक बनाउनु पर्नेछ,

(ज) सशर्त अनुदानमा सञ्चालन गरिने आयोजना तथा कार्यक्रममा कन्टिन्जेन्सी बापत लागतको तीन प्रतिशत भन्दा बढी राख्न पाइने छैन,

(झ) आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा पारदर्शी, जवाफदेही तथा प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीमा जोड दिनु पर्नेछ ।

(२) चालु आर्थिक वर्षमा सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रमहरुको अनुदान बापतको रकम आर्थिक वर्षको अन्त्यसम्म खर्च हुन नसकेमा वा आयोजना तथा कार्यक्रम सम्पन्न भई रकम बचत भएमा स्थानीय तहले सो रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक ईकाई कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुदानको रकम फिर्ता दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम अर्को वर्ष हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्नेछ।

१३. **कार्यक्रम संशोधनः** (१) प्रदेश सरकारबाट हस्तान्तरित सशर्त अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रम संशोधन गर्नुपर्ने भएमा विषयगत मन्त्रालयले स्थानीय परिस्थितिलाई समेत ध्यानमा राखी त्यस्तो कार्यक्रमको विषयगत क्षेत्र तथा स्वीकृत बजेटमा फरक नपर्ने गरी सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णय

तथा कार्यक्रम संशोधन गर्नुपर्ने पुष्ट्याँई सहित कार्यक्रम संशोधनका लागि मन्त्रालय समक्ष प्रस्ताव गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विषयगत मन्त्रालयबाट प्रस्ताव भई आएमा मन्त्रालयले कार्यक्रम संशोधन स्वीकृत गर्न सक्नेछ ।

१४. **<u>अनुगमन सम्बन्धी व्यवस्था:</u>** (१) स्थानीय तहले सञ्चालन गरेका आयोजना तथा कार्यक्रम प्रभावकारी, उपलब्धिमूलक र पारदर्शी किसिमले तोकिएको समय सीमाभित्र कार्यान्वयन भए नभएको सम्बन्धमा विषयगत मन्त्रालय तथा मन्त्रालयले आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ।

(२) सशर्त अनुदानका आयोजना तथा कार्यक्रम लक्षित उद्देश्य र प्रतिफल प्राप्त हुने गरी प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको सम्बन्धमा स्थानीय तहले नियमित रूपमा अनुगमन गरी अनुसूची-७ बमोजिमको ढाँचामा प्रगति प्रतिवेदन चौमासिक रूपमा विषयगत मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ ।

(३) स्थानीय तहले सञ्चालन गरेका सशर्त अनुदान तर्फका आयोजना तथा कार्यक्रम प्रभावकारी, उपलब्धिमूलक र पारदर्शी किसिमले तोकिएको समय सीमाभित्र कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्न देहायको अनुगमन तथा मूल्याङ्कन समिति रहनेछः-

(क) आयोजना तथा कार्यक्रम कार्यान्वयन हुने क्षेत्रबाट प्रदेश सभामा प्रत्यक्ष निर्वाचित सदस्य -संयोजक

(ख) आयोजना तथा कार्यक्रम कार्यान्वयन हुने निर्वाचन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

क्षेत्र छनोट गरेको प्रदेश सभाको
समानुपातिक तर्फको सदस्य -सदस्य

(ग) सम्बन्धित स्थानीय तहको प्रमुख -सदस्य

(घ) आयोजना तथा कार्यक्रमको विषय क्षेत्रसँग सम्बन्धित स्थानीय तहको अधिकृतस्तरको प्राविधिक कर्मचारी -सदस्य

(ङ) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -सदस्य-सचिव

(४) उपदफा (३) बमोजिमको अनुगमन तथा मूल्याङ्कन समितिले अनुगमन तथा मूल्याङ्कन गरी अनुसूची-७ बमोजिमको ढाँचामा विषयगत मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(५) उपदफा (२) र (४) बमोजिमको प्रतिवेदन विषयगत मन्त्रालयले मन्त्रालयमा पठाउनुपर्ने छ ।

(६) उपदफा (२) र (३) बमोजिमको अनुगमन तथा मूल्याङ्कन खर्च आवश्यक पर्ने भएमा आयोजना तथा कार्यक्रमको कन्टिन्जेन्सीबाट व्यवस्थापन गर्नु पर्नेछ ।

१५. **आयोजना सम्पन्न गर्नुपर्नेः** (१) सशर्त अनुदानबाट सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रमहरू कार्यक्रममा उल्लिखित समयावधिभित्र अनिवार्य रुपमा सम्पन्न गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको समयावधिभित्र आयोजना तथा कार्यक्रमको कार्य सम्पन्न नभएमा बाँकी कार्यको लागि विषयगत मन्त्रालयले उक्त आयोजना तथा कार्यक्रमलाई आगामी आर्थिक वर्षमा प्राथमिकता दिई प्रस्ताव गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**१६. बजेट विनियोजन तथा निकासाः** (१) प्रदेश सरकारले बजेट तर्जुमा गर्दा स्थानीय तहलाई हस्तान्तरण हुने सशर्त अनुदानका सबै आयोजना तथा कार्यक्रमहरू समावेश गरी विनियोजन गर्नु पर्नेछ।

(२) आर्थिक वर्षको बिचमा कुनै पनि नयाँ आयोजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्न थप सशर्त अनुदान हस्तान्तरण गरिने छैन ।

(३) उपदफा (१) बमोजिम स्थानीय तहमा हस्तान्तरण हुने सशर्त अनुदान बापतको रकम प्रदेशको विनियोजन ऐनमा व्यवस्था भए बमोजिम निकासा गर्नु पर्नेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयबाट विपद्जन्य अवस्था, महामारी वा आकस्मिक परिस्थितिको रोकथाम, नियन्त्रण तथा प्रतिकार्य र पुनर्स्थापना गर्नुपर्ने अवस्था तथा अन्य कुनै विशेष परिस्थितिमा सशर्त अनुदान प्रदान गर्न सकिनेछ।

**१७. अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेः** मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी यस कार्यविधिको अनुसूचीहरुमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ।

**१८. आवश्यक व्यवस्था मिलाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै जटिलता उत्पन्न भएमा मन्त्रालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

**१९. खारेजी र बचाउः** (१) सशर्त अनुदान अन्तर्गतका योजना/कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची -१

(दफा ६ को उपदफा (१) र दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**<u>कुल वार्षिक आय दश करोड भन्दा कम भएका स्थानीय तहको सूची</u>**

| | |
|---|---|
| १. त्रिपुरासुन्दरी गाउँपालिका, सिन्धुपाल्चोक | २. खानीखोला गाउँपालिका, काभ्रेपलाञ्चोक |
| ३. ज्वालामुखी गाउँपालिका, धादिङ्ग | ४. घ्याङखेल गाउँपालिका, सिन्धुली |
| ५. बेथानचोक गाउँपालिका, काभ्रेपलाञ्चोक | ६. जुगल गाउँपालिका, सिन्धुपाल्चोक |
| ७. हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोक | ८. कालिका गाउँपालिका, रसुवा |
| ९. उत्तरगया गाउँपालिका, रसुवा | १०. नौकुण्ड गाउँपालिका, रसुवा |
| ११. सुनकोशी गाउँपालिका, सिन्धुपाल्चोक | १२. महाङ्काल गाउँपालिका, ललितपुर |
| १३. नेत्रावती डबजोङ गाउँपालिका, धादिङ्ग | १४. तादीगाउँ गाउँपालिका, नुवाकोट |
| १५. कोन्ज्योसोम गाउँपालिका, ललितपुर | १६. मेलुङ गाउँपालिका, दोलखा |
| १७. तारकेश्वर गाउँपालिका, नुवाकोट | १८. म्यगङ गाउँपालिका, नुवाकोट |
| १९. खनियाबास गाउँपालिका, धादिङ्ग | २०. सूर्यगढी गाउँपालिका, नुवाकोट |
| २१. बाग्मती गाउँपालिका, ललितपुर | २२. लिसंखु पाखर गाउँपालिका, सिन्धुपल्चोक |
| २३. सुनापती गाउँपालिका, रामेछाप | २४. रूवी भ्याली गाउँपालिका, धादिङ्ग |
| २५. हरिहरपुरगढी गाउँपालिका, सिन्धुली | २६. बलेफी गाउँपालिका, सिन्धुपाल्चोक |
| २७. किस्पाङ गाउँपालिका, नुवाकोट | २८. उमाकुण्ड गाउँपालिका, रामेछाप |
| २९. तेमाल गाउँपालिका, काभ्रेपलाञ्चोक | ३०. चौंरीदेउराली गाउँपालिका, काभ्रेपलाञ्चोक |
| ३१. कालिन्चोक गाउँपालिका, दोलखा | ३२. पाँचपोखरी थाङपाल गाउँपालिका, सिन्धुपाल्चोक |
| ३३. गोसाईकुण्ड गाउँपालिका, रसुवा | ३४. शैलुङ गाउँपालिका, दोलखा |
| ३५. लिखु तामाकोशी गाउँपालिका, रामेछाप | ३६. त्रिपुरासुन्दरी गाउँपालिका, धादिङ्ग |
| ३७. ईन्द्रसरोवर गाउँपालिका, मकवानपुर | ३८. फिक्कल गाउँपालिका, सिन्धुली |
| ३९. खाँडादेवी गाउँपालिका, रामेछाप | ४०. वैतेश्वर गाउँपालिका, दोलखा |
| ४१. दोरम्बा गाउँपालिका, रामेछाप | ४२. जिरी नगरपालिका, दोलखा |
| ४३. आमाछोदिङमो गाउँपालिका, रसुवा | ४४. शिवपुरी गाउँपालिका, नुवाकोट |
| ४५. गौरिशंकर गाउँपालिका, दोलखा | ४६. सिद्धलेक गाउँपालिका, धादिङ्ग |
| ४७. गोलान्जोर गाउँपालिका, सिन्धुली | ४८. महाभारत गाउँपालिका, काभ्रेपलाञ्चोक |

| | |
|---|---|
| ४९. दुप्चेश्वर गाउँपालिका, नुवाकोट | ५०. विगु गाउँपालिका, दोलखा |
| ५१. ईन्द्रावती गाउँपालिका, सिन्धुपाल्चोक | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची -२

(दफा ६ को उपदफा (१) र दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**कुल वार्षिक आय दश करोडदेखि बीस करोड भन्दा कम भएका स्थानीय तहको सूची**

| | | | |
|---|---|---|---|
| १. | लिखु गाउँपालिका, नुवाकोट | २. | सुनकोशी गाउँपालिका, सिन्धुली |
| ३. | मरिण गाउँपालिका, सिन्धुली | ४. | रामेछाप नगरपालिका, रामेछाप |
| ५. | कैलाश गाउँपालिका, मकवानपुर | ६. | पञ्चकन्या गाउँपालिका, नुवाकोट |
| ७. | गोकुलगङ्गा गाउँपालिका, रामेछाप | ८. | मन्थली नगरपालिका, रामेछाप |
| ९. | ककनी गाउँपालिका, नुवाकोट | १०. | तामाकोशी गाउँपालिका, दोलखा |
| ११. | तीनपाटन गाउँपालिका, सिन्धुली | १२. | वाग्मती गाउँपालिका, मकवानपुर |
| १३. | गल्छी गाउँपालिका, धादिङ्ग | १४. | गजुरी गाउँपालिका, धादिङ्ग |
| १५. | मकवानपुरगढी गाउँपालिका, मकवानपुर | १६. | वाह्रविसे नगरपालिका, सिन्धुपाल्चोक |
| १७. | रोशी गाउँपालिका, काभ्रेपलाञ्चोक | १८. | नमोबुद्ध नगरपालिका, काभ्रेपलाञ्चोक |
| १९. | राक्सिराङ्ग गाउँपालिका, मकवानपुर | २०. | बेलकोटगढी नगरपालिका, नुवाकोट |
| २१. | भीमफेदी गाउँपालिका, मकवानपुर | २२. | भिमेश्वर नगरपालिका, दोलखा |
| २३. | बेनीघाट रोराङ्ग गाउँपालिका, धादिङ्ग | २४. | गङ्गाजमुना गाउँपालिका, धादिङ्ग |
| २५. | बकैया गाउँपालिका, मकवनपुर | २६. | भोटेकोशी गाउँपालिका, सिन्धुपाल्चोक |
| २७. | भुम्लु गाउँपालिका, काभ्रेपलाञ्चोक | २८. | थाक्रे गाउँपालिका, धादिङ्ग |
| २९. | धुनीबेंशी नगरपालिका, धादिङ्ग | ३०. | पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक |
| ३१. | मण्डनदेउपुर नगरपालिका,काभ्रेपलाञ्चोक | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची -३

(दफा ६ को उपदफा (१) र दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**<u>कुल वार्षिक आय बीस करोडदेखि चालीस करोड भन्दा कम भएका स्थानीय तहको सूची</u>**

| | | | |
|---|---|---|---|
| १. | कालिका नगरपालिका, चितवन | २. | दक्षिणकाली नगरपालिका, काठमाडौं |
| ३. | थाहा नगरपालिका, मकवानपुर | ४. | ईच्छाकामना गाउँपालिका, चितवन |
| ५. | राप्ती नगरपालिका, चितवन | ६. | नीलकण्ठ नगरपालिका, धादिङ्ग |
| ७. | चौतारा साँगाचोकगढी नगरपालिका, सिन्धुपाल्चोक | ८. | धुलिखेल नगरपालिका, काभ्रेपलाञ्चोक |
| ९. | खैरहनी नगरपालिका, चितवन | १०. | दुधौली नगरपालिका, सिन्धुली |
| ११. | माडी नगरपालिका, चितवन | १२. | मनहरी गाउँपालिका, मकवानपुर |
| १३. | बनेपा नगरपालिका, काभ्रपलाञ्चोक | १४. | विदुर नगरपालिका, नुवाकोट |
| १५. | शङ्खरापुर नगरपालिका, काठमाडौं | १६. | कमलामाई नगरपालिका, सिन्धुली |
| १७. | कीर्तिपुर नगरपालिका, काठमाडौं | १८. | रत्ननगर नगरपालिका, चितवन |
| १९. | मध्यपुर थिमी नगरपालिका, भक्तपुर | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

## अनुसूची -४

(दफा ६ को उपदफा (१) र दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**कुल वार्षिक आय चालीस करोडदेखि असी करोड भन्दा कम भएका स्थानीय तहको सूची**

| | |
|---|---|
| १. भक्तपुर नगरपालिका, भक्तपुर | २. मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक |
| ३. पनौती नगरपालिका, काभ्रेपलाञ्चोक | ४. नागार्जुन नगरपालिका, काठमाडौं |
| ५. टोखा नगरपालिका, काठमाडौं | ६. सूर्यविनायक नगरपालिका, भक्तपुर |
| ७. गोकर्णेश्वर नगरपालिका, काठमाडौं | ८. कागेश्वरी मनोहरा नगरपालिका काठमाडौं |
| ९. महालक्ष्मी नगरपालिका, ललितपुर | १०. चाँगुनारायण नगरपालिका, भक्तपुर |
| ११. तारकेश्वर नगरपालिका, काठमाडौं | १२. गोदावरी नगरपालिका, ललितपुर |

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

## अनुसूची -५

(दफा ६ को उपदफा (१) र दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**कुल वार्षिक आय असी करोडदेखि माथि भएका स्थानीय तहको सूची**

| | | | |
|---|---|---|---|
| १. | हेटौंडा उप-महानगरपालिका, मकवानपुर | २. | चन्द्रागिरी नगरपालिका, काठमाडौं |
| ३. | बुढानिलकण्ठ नगरपालिका, काठमाडौं | ४. | भरतपुर महानगरपालिका, चितवन |
| ५. | ललितपुर महानगरपालिका, ललितपुर | ६. | काठमाडौं महानगरपालिका, काठमाडौं |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची-६

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

## सशर्त अनुदानको लागि कार्यक्रम प्रस्ताव गर्ने फारामको ढाँचा

विषयगत मन्त्रालयः

| क्र.सं. | जिल्ला | स्थानीय तह | कार्यक्रम वा आयोजनाको नाम | क्षेत्र | आधार | समयावधि | कुल लागत | सम्भाव्यता अध्ययन | | वातावरणीय प्रतिवेदन | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | भएको | नभएको | भएको | नभएको |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

स्वीकृत गर्ने

....................

प्रदेश सचिव

मितिः ....................

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची-७

(दफा १४ को उपदफा (२) र (४) सँग सम्बन्धित)

**<u>प्रगति प्रतिवेदनको ढाँचा</u>**

आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको नामः

ठेगानाः

सम्पर्क नं:

| क.सं. | योजना तथा कार्यक्रमको नाम | योजना तथा कार्यक्रम सञ्चालन भएको स्थान | स्वीकृत बजेट | ....अवधिको लक्ष्य | | ....अवधिको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(क) अनुगमनको क्रममा देखिएका समस्याहरू/यथार्थ अवस्थाः

(ख) समस्या समाधानका लागि गरिएको प्रयासः

(ग) सुझाव/सिफारिसः

..............                                        ..............................

तयार गर्ने                                        अनुगमन समितिको संयोजक



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश